# अखिल नेपाल फुटबल संघ

## एन्फा नियमित साधारण सभा

## अध्यक्षको कार्य प्रगति प्रतिवेदन

अखिल नेपाल फुटबल संघ (एन्फा) बिश्व फुटबल महासंघ(फिफा), एशियाली फुटबल महासंघ (ए.एफ.सी.) र दक्षिण एशियाली फुटबल महासंघ(साफ)मा अवद्धता छ भने नेपाल सरकार युवा तथा खेलकुद मन्त्रालय अन्तर्गत खेलकुदको सर्वोच्च निकाय राष्ट्रिय खेलकुद परिषदमा दर्ता रही आएको राष्ट्रिय संघको रुपमा पहिचान बनाउन अखिल नेपाल फुटबल संघ सफल भएकोछ । अखिल नेपाल फुटबल संघको पछिल्लो निर्वाचन २०७९ आषाढ ६ गते काठमाडौमा भएको थियो । एन्फामा आवद्ध रहेका विभिन्न 'ए', 'बी' र 'सी' डिभिजनका क्लबहरु, बिभिन्न ४८ जिल्ला फुटबल संघहरु, नेपाल फुटबल प्रशिक्षक संघ, नेपाल फुटबल खेलाडी संघ, नेपाल फुटबल रेफ्री संघ, महिला फुटबल संघ, ४ राष्ट्रिय लिगमा छनौट भएका क्बलहरु, एन्फा कार्यसमितिका साथीहरु, राष्ट्रिय पुरुष तथा महिला फुटबल टिमका खेलाडीहरु तथा महिला तथा पुरुष युवा टिमका खेलाडीहरु, फुटबल प्रशिक्षकहरु, रेफ्रीहरु, संघका कर्मचारीहरु, खेलकुद पत्रकार साथीहरु एवम् फुटबल खेल प्रेमीहरु सबैको सहयोगबाट नेपाली फुटबलको विकासलाई अझ बढी सशक्त ढङ्गबाट अघि बढाउन चाहान्छु । यस कार्यमा यहाँहरु सबै प्रत्यक्ष एवम् अप्रत्यक्ष सरोकारवालाहरुको सहयोगको अपेक्षा गर्दछु र बिगतमा गर्नु भएको सहयोग सल्लाह र सुझावको निम्ति पनि एन्फा र मेरो व्यक्तिगत तर्फबाट हार्दिक धन्यवाद व्यक्त गर्न चाहन्छु ।

साथै एन्फाको गत बर्ष २०७९ आषाढ ६ गते पश्चात करीव बीस महिनाको अवधिमा मेरो नेतृत्वमा एन्फाले भए गरेका कार्यक्रमहरुको कार्यप्रगति प्रतिवेदन यहाँहरु समक्ष प्रस्तुत गर्दछु ।

अखिल नेपाल फुटबल संघ एन्फा सफलतापूर्वक सञ्चालन गर्न व्यक्ति विशेष वा एकाध महत्वाकांक्षी र नकारात्मक सोचले सम्भव नहुने भएकोले निस्वार्थ भावनाले सकारात्मक सोच र परिणाम मुखी कार्यले एउटा लक्ष्य निर्धारण गरी निरन्तर लागि पर्‍यौं भने अवश्य पनि सफलता हासिल हुन्छ भन्ने विश्वासका साथ हामी हाम्रो टिम अघि बढ्दै आएको पनि यहाँहरु समक्ष स्मरण गराउन चाहन्छु । मेरो कार्यकाललाई कसरी फुटबलमय बनाउने भन्ने उद्देश्यले लागि परेकोछु भने मेरो नेतृत्वमा रहेको कार्यसमितिका पदाधिकारीहरु तथा सदस्यहरुबाट मलाई सदा सहीमार्गमा अगाडी बढनमा सदा सहयोग र हौसला प्रदान गर्नु हुनेछ भन्ने बिश्वास लिएकोछु । यहाँहरुको सहयोग, सल्लाह र सुझावहरुले गर्दा बिगत २० महिनामा हाम्रो क्षमता एवम् साधन र श्रोतले भ्याए सम्मको कार्यक्रमहरु संचालन गर्दै आएको कार्य प्रगति संक्षिप्त रुपमा प्रस्तुत गर्न चाहान्छु ।

## प्रतियोगिता आयोजना तथा संचालन

**पुरुष तर्फ उमेर समुहको तथा राष्ट्रिय फुटबल टिमले १९ वटा आधिकारीक खेलहरुमा सहभागी भएको समेत जानकारी गराउंदछु ।**

१) एन्फा कम्प्लेक्समा मिति २०७९ आश्विन ६ देखि मंसीर १ गते सम्म सम्पन्न शहिद स्मारक 'सी' डिभिजन लिग फुटबल प्रतियोगिता २०७९ को छनौट चरणको खेलहरु संचालन गरीएको थियो जस्मा ६२ क्लबहरुको सहभागीता रहेको थियो । सहभागी गोलबजार स्पोर्टिङ्ग क्लब र बागमती युवा क्लब 'सी' डिभिजन लिगका निम्ति छनौट भएको थियो ।

२) फुटबल खेलको मेरुदण्डको रुपमा रहेको लिग फुटबल प्रतियोगितालाई गतबर्ष देखि डबल राउण्ड रोबीन लिगको आधारमा एन्फाले पहिलो पटक 'ए' डिभिजन लिगमा डबल राउण्ड रोबीन लिगको आधारमा १८२ खेलहरु संचालन गरिएको थिए । २०७९ फागुन १९ गते देखि २०८० जेष्ठ २८ गते सम्म दशरथ रंगशालाको खेल मैदान, एन्फाको खेल मैदान र च्यासल खेल मैदान गरी तीन खेल स्थाहरुमा शहिद स्मारक 'ए' डिभिजन लिग फुटबल प्रतियोगिता संचालन गरीएको थियो । उक्त प्रतियोगितामा चर्च ब्वाईज युनाईटेड क्लब लिग च्याम्पियन हुन सफल भएको थियो ।

३) अखिल नेपाल फुटबल संघको प्राविधिक सहयोगमा २०८० मंसीर ८ देखि १४ गते सम्म दशरथ रंगशालामा नेपाल सुपर लिग फुटबल प्रतियोगिता आयोजना गरीएको थियो भने उक्त प्रतियोगिता आयोजना गरे बापत एन्फालाई नेपाल स्पोर्टस एण्ड ईभेन्ट मेनेजमेन्ट प्रा.लि.बाट एन्फालाई आर्थिक सहयोग स्वरुप एक करोड पचास लाख रुपैया प्रदान गरीएको थियो ।

४) फुटबल खेललाई आधारभूत तहदेखि नै विकास गर्न युवा फुटबल बिकासका कार्यक्रमहरुलाई अधि बढाउदै एन्फाले फिफा संग सहकार्य गरी टेक्नीकल डेभलप्मेन्ट स्कील (टी.डी.एस.) कार्यक्रम अन्तर्गत यस बर्ष देखि 'ए' डिभिजनका सबै क्लबहरुलाई खुल्ला रुपले सहभागी हुन आव्हान गरेकोमा 'ए' डिभिजनका १० टिमहरुको १६ बर्ष मुनीका युवा खेलाडीहरु सम्मिलीत टिमहरुको सहभागीतमा एन्फा कम्प्लेक्सको खेल मैदान र च्यासल खेल मैदानमा मिति २०८० असार ३० गते देखि माघ २४ गते सम्म सम्पन्न गरीएको थियो । प्रतियोगितामा मछिन्द्र फुटबल क्लब बिजयी भएको थियो ।

### बिभिन्न अन्तराष्ट्रिय प्रतियोगिताहरु

५) सन् २०२२ जुलाई २५ देखि अगष्ट ५ तारिख सम्म भारतको भुवनेश्वरमा साफ यु-२० च्याम्पियनशिप फुटबल प्रतियोगितामा नेपालले पहिलो खेल नेपाल र माल्दीप्स ४-०, श्रीलंका र नेपाल ०-३, नेपाल र भारत ०-८ तथा बंगलादेश र नेपाल १-१ गोलको बराबरीमा खेल खेलेको थियो ।

६) सन् २०२२ को सेप्टेम्बर ५ देखि १४सम्म श्रीलंकाको कोलम्बोमा साफ यु-१७ च्याम्पियनशिप फुटबल प्रतियोगितामा भुटानलाई पराजित गरी भारत संग १-३ गोलको अन्तरले पराजित भै उप बिजयी हुन सफल भएको थियो ।

७) सन् २०२२ को सेप्टेम्बर १० देखि १८ सम्म बहराईनमा आयोजना भएको ए.एफ.सी.यु-२० च्याम्पियनशिपको छनौट चरणको खेलमा नेपालले भुटान संग २-०, नेपाल र कतार १-३, बहराईन र नेपाल ६-० र नेपाल र बंगलादेश ०-३ गोलको नतिजा प्राप्त गरेको थियो ।

८) सन् २०२२ को सेप्टेम्बर २७ का दिन काठमाडौको दशरथ रंगशालामा नेपालको राष्ट्रिय फुटबल टिम र बंगलादेशको राष्ट्रिय फुटबल टिम बिच फिफा डेटमा मैत्रीपूर्ण खेल खेली बंगादेशलाई ३-१ ले पराजित गरेको थियो ।

९) सन् २०२२ अक्टेबर ५ देखि ९ सम्म भियतनाममा सम्पन्न ए.एफ.सी यु-१७ च्याम्पियनशिपको छनौट खेलमा थाईल्याण्डको युवा टिम संग ३-० ले पराजित भएको थियो भने नेपाल र भियतनाम ०-५ तथा चाईनिज ताईपेई संग ४-२ ले पराजित भएको थियो ।

१०) सन् २०२२ को नोभेम्बर १६ तारिखका दिन नेपाल र पाकिस्तान बिच दशरथ रंगशालामा फिफा डेटमा मैत्रीपूर्ण खेल खेली नेपालले पाकिस्तानलाई शुन्यको बिरुद्ध १ गोलले पराजित गरेको थियो ।

११) सन् २०२३ को मार्च २२ देखि ३१ तरिख सम्म अखिल नेपाल फुटबल संघको आयोजनामा काठमाडौमा नेपाल, भुटान र लाओसको सहभागीतामा प्रधानमन्त्री त्रिदेशीय कप फुटबल प्रतियोगिता आयोजना गरीएको थियो । उक्त प्रतियोगितामा नेपाली राष्ट्रिय फुटबल टिम प्रथम हुन सफल भएको थियो । नेपालले पहिलो खेल लाओस संग २-० ले र भुटान संग १-१ बराबरी खेल खेली फाईनल खेलमा नेपाल र लाओस २-१ को नतिजा संगै बिजेता हुन सफल भएको थियो ।

१२) सन् २०२३ को जुन २१ देखि जुलाई ४ सम्म मित्र राष्ट्र भारतको बैङ्गलोरमा सम्पन्न साफ च्याम्पियनशिप फुटबल प्रतयोगितामा सहभागी भै समुह चरणमा कुवेत संग ३-१, भारत संग ०-२ र पाकिस्तान संग १-० को नतिजा प्राप्त गरेको थियो ।

१३) सन् २०२३ को सेप्टेम्बर ८ र ११ तारिखका दिन म्यानमारमा नेपाली राष्ट्रिय फुटबल टोलीले दुई मैत्रीपूर्ण खेल खेलेको थियो । पहिलो खेल गोल रहित बराबरी खेलेका थिए भने दोश्रो खेलमा म्यानमारले नेपाललाई शुन्यका बिरुद्ध १ गोलले पराजित गरेको थियो ।

१४) सन २०२३ को सेप्टेम्बर २१ देखि ३० सम्म काठमाडौमा सम्पन्न भएको साफ यु-१९ च्याम्पियनशिपमा पहिलो खेलमा पाकिस्तान र नेपाल १-०, नेपाल र माल्दीप्स ४-१ भारत र नेपाल १-१ गोल वरावरी पश्चात ट्राईवेकरमा ३-२ गोलले पराजित भएको थियो ।

१५) सन् २०२३ को सेप्टेम्बर २ देखि १० सम्म भुटानमा आयोजना भएको साफ यु-१६ च्याम्पियनशिपमा नेपाल र  बंगलादेश ०-१ तथा भारत र नेपाल १-० गोलले पराजित भएको थियो ।

१६) सन् २०२३ को १२ अक्टोबरमा नेपाली राष्ट्रिय फुटबल टिमले फिफा वर्ल्ड कप २०२६ अन्तर्गत एशियन क्वालिफायर्सको पहिलो होम म्याच नेपालको दशरथ रंगशालामा नेपाल र लाओस १-१ गोलको बारबरी खेल खेलेको थियो ।

१७) फिफा वर्ल्ड कप २०२६ अन्तर्गत नै एशियन क्वालिफायर्सको अवे म्याच अन्तर्गत लाओसमा १७ अक्टोबर, २०२३ मा सम्पन्न खेलमा नेपालले लाओसलाई १-० ले पराजित गरी दोश्रो चरणमा प्रवेश गर्न सफल भएको थियो ।

१८) सन् २०२३ को नोभेम्बर १६ तारिखमा फिफा वर्ल्ड कप २०२६ अन्तर्गत एशियन क्वालिफायर्सको दोश्रो चरणको खेलमा नेपालले पहिलो अवे म्याच यु.ए.ई.मा खेलेको थियो भने नेपाल ४-० ले पराजित भएको थियो ।

१९) सन् २०२३ को नोभेम्बर २१ तारिखमा फिफा वर्ल्ड कप २०२६ अन्तर्गत एशियन क्वालिफायर्सको दोश्रो चरणको खेलमा नेपालले पहिलो होम म्याच अन्तर्गत यमन संग नेपालमा खेलेको थियो । उक्त खेलमा नेपाल ०-४ ले पराजित भएको थियो ।

**महिला प्रतियोगिता तर्फ १४ वटा महत्वपूर्ण प्रतियोगिताहरुमा नेपाली महिला टिमहरुको सहभागी रहेको जानकारी गराउंदछु ।**

२०) सन् २०२२ अक्टोबर १४ देखि २० सम्म सम्पन्न ९औ राष्ट्रिय महिला फुटबल प्रतियोगिता स्याङ्गजाको वालिङ्गमा सम्पन्न भएको थियो । उक्त प्रतियोगितामा ७ प्रदेशका महिला टिम र ३ बिभागीय गरी १० टिमहरुको सहभागीता रहेको थियो ।

२१) सन् २०२२ को सेप्टेम्बर ६ देखि १९ काठमाडौमा साफ महिला च्याम्पियनशिप फुटबल प्रतियोगिता आयोजना गरीएको थियो भने नेपाली महिला राष्ट्रिय फुटबल टिमले भारत संग पहिलो खेल १-० ले, दोश्रो खेल श्रीलंका संग ६-० ले र भुटान संग ०-४ को नतिजा संगै फाइनलमा प्रवेश गर्न सफल भएको थियो । फाईनलमा बंगलादेशसंग ३-१ ले पराजित भई उप-बिजेता हुन सफल भएको थियो ।

२२) सन् २०२२ को नोभेम्बर १ देखि ११ सम्म बंगलादेशको ढाकामा सम्पन्न साफ यु-१५ महिला च्याम्पियनशिपमा नेपाल र बंगलादेश १-१ गोलको बराबरी खेलेको थियो भने भुटान संग शुन्यको बिरुद्ध १ गोलले बिजयी भएको थियो । फाईनलमा भुटान संग शुन्यका बिरुद्ध ७ गोलले बिजयी प्राप्त गरी प्रतियोगितामा च्याम्पियन बन्न सफल भएको थियो ।

२३) सन् २०२३ को फेब्रुअरी १५ र १८ मा भारतमा आयोजित मैत्रीपूर्ण खेलमा नेपाली महिला राष्ट्रिय टिमले दुई मैत्रीपूर्ण खेल खेलेको थियो ।  जस अर्न्तगत पहिलो खेल २-२ गोल र दोश्रो खेल पनि गोल रहित वरावरीको नतिजा प्राप्त गर्न सफल भएको थियो ।

२४) सन् २०२३ को फेब्रुअरी ३ देखि ९ सम्म बंगलादेशको ढाकामा सम्पन्न साफ यु-२० महिला च्याम्पियनशिपमा नेपाली युवा महिला टिमले बंगलादेश संग १-३, भुटानलाई ०-४ ले, भारतसंग १-३ र बगलादेश संग फाईनलमा ३-०ले पराजित भै उप-बिजेता बन्न सफल भएको थियो ।

२५) सन् २०२३ को मार्च २० देखि २८ तारिख सम्म मित्रराष्ट्र बंगालादेशको ढाकामा सम्पन्न यु.ई.एफ ए एसिष्ट साफ यु-१७ महिला च्याम्पियनशिपमा नेपालको १७ बर्ष मुनीको महिला युवा टिमलाई पनि निमन्त्रणा प्राप्त भएकोले सहभागी भै नेपाल र भारत बिच १-४, भुटान र नेपाल ०-५, नेपाल र रसीया ०-३ र बंगलादेश र नेपाल विच १-१ गोल गरी वरावरीको नतिजा प्राप्त भएको थियो ।

२६) सन् २०२३ को मार्च ८ देखि १२ तारिख सम्म प्यालेष्टाईनमा सम्पन्न ए.एफ.सी. यु-२० वुमेन्स एशियन कप क्वालिफायर्स राउण्ड १ मा नेपाली युवा यु-२० महिला टिमले प्यालेष्टाईन संग ६-० र दोश्रो खेल मारीयाना आईल्याण्डलाई ६-० को फराकिलो अन्तरले जित हासिल गरी दोश्रो चरणमा पुग्न सफल भएको थियो ।

२७) सन् २०२३ को ५ देख ८ अप्रिल सम्म नेपालमा आयोजना भएको वुमेन्स ओलम्पिक २०२४ को एशियन छनौट प्रतियोगतामा होम एण्ड अवे प्रणाली अनुसार दुई खेलहरुमा सहभागी भएको थियो ।

उक्त दुबै खेल नेपालमा नै आयोजना गरीएको थियो । जस्मा नेपाल र भियतनाम बिचको खेलमा १-५ गोल र दोश्रो खेलमा भियतनाम र नेपाल बिच २-० गोलले पराजित भएको थियो ।

२८) सन् २०२३ को अप्रिल २६ देखि ३० सम्म जोर्डनमा आयोजना भएको ए.एफ.सी.यु-१७ वुमेन्स एशियन कपको छनौट चरणको खेलमा नेपाल र ईरान बिचको खेल ०-१ ले पराजित भएको थियो र जोर्डन र नेपाल बिचको खेल १-४ ले बिजयी भएको थियो ।

२९) सन् २०२३ को जुन ६ देखि १० सम्म म्यानमारमा आयोजना भएको ए.एफ.सी. यु-२० वुमेन्स एशियन कप क्वालिफायर्स राउण्ड २ मा म्यानमार र नेपाल बिचको खेल ५-०, नेपाल र चीन वीच ०-५ र नेपाल र चाईनिज ताईपेई बिचको खेलमा पनि ०-५ ले पराजित भएको थियो ।

३०) सन् २०२३ को जुलाई १३ र १६ तारिखमा बंगलादेशको ढाकामा सम्पन्न अन्तराष्ट्रिय मैत्रीपूर्ण खेलमा नेपाली महिला राष्ट्रिय फुटबल टिमले बंगलादेशको महिला टिमलाई पहिलो खेलमा १-१ गोलको बराबरीमा खेलेका थिए भने दोश्रो खेल गोल रहित बराबरीमा समाप्त भएकोले ट्राईवेकरमा खेलको निर्णय गर्दा ४-२ गोलको अन्तरले नेपाली महिला टिमले बिजयी हासिल गर्न सफल भएको थियो ।

३१)सन् २०२३को सेप्टेम्बर २२ देखि अक्टोबर ६ तारिख सम्म नेपाल ओलम्पिक कमिटिको समन्वयमा चीनको ह्वान्जावोमा आयोजना भएको १९औं एशियन गेम्समा नेपाली महिला फुटबल टिमको सहभागीता रहेको थियो । नेपाली महिला फुटबल टिमले भियतनाम संग ०-२, जापान संग ०-८, र बगलादेशसंग १-१ गोलको वरावरी खेलेको थियो ।

३२) सन् २०२४ को फेब्रुअरी २ देखि ८ सम्म बंगलादेशको ढाकामा आयोजना भएको साफ महिला यु-१९ च्याम्पियनशिपमा नेपाल र बंगलादेश विच १-३, भुटान र नेपाल ०-१ र भारत र नेपाल ४-०को ले पराजित भै समुहचरणबाट बाहिरीएको थियो ।

३३) हालै २०२४ फेब्रुअरी १८ देखि २८ तारिख सम्म साउदी अरेवियामा आयोजना भएको वेष्ट एशिया फुटबल फेडरेशन (डव्लु ए एफ एफ) वुमेन्स च्याम्पियनशिपमा सहभागी भैरहेको समेत जानकारी गराउंदछु ।

**प्रतियोगितामा सहभागी हुंदा बिजयी तथा उप-बिजयी हुन सफल प्रतियोगिताको सूचीहरुः**

पुरुष तर्फ

१) मित्रराष्ट्र श्रीलंकामा सम्पन्न साफ यु-१७ च्याम्पियनशिप फुटबल प्रतियोगितामा नेपाली युवा टिम उप-बिजयी हुन सफल भएका थियो ।

२) मैत्रीपूर्ण खेल सेप्टेम्बर २०२२ मा नेपाल र बंगलादेश बिच भएको थियो उक्त खेलमा नेपाल ३-१ ले बिजयी हुन सफल भएको थियो ।

३) मैत्रीपूर्ण खेल नेभेम्बर २०२३ मा नेपालमा भएको थियो भने पाकिस्तालनलाई नेपालले शुन्यका बिरुद्ध १ गोलले पराजित गरी बिजयी हुन सफल भएको थियो ।

४) नेपालमा आयोजना भएको प्रधानमन्त्री कप त्रि देशिय फुटबल प्रतियोगितामा बिजयी भएको थियो ।

५) बिश्व कप फुटबल प्रतियोगिता २०२६ को एशियन छनौट राउण्ड १ मा नेपाल र लाओस बिच नेपालमा खेल्दा १-१ गोलले बराबरी भएको थियो भने लाओसमा नेपालले अवे खेल खेली शुन्यका बिरुद्ध १ गोलले पराजित गरी दोश्रो चरणमा पुग्न सफल भएको थियो ।

महिला तर्फ

१) साफ महिला च्याम्पियनशिप फुटबल प्रतियोगितामा उप-बिजयी हुन सफल भएको थियो ।

२) मित्रराष्ट्र बंगलादेशमा सम्पन्न साफ यु-१५ महिला च्याम्पियशिपमा बिजयी हुन सफल भएको थियो।

३) मित्रराष्ट्र बंगलादेशमा सम्पन्न साफ यु-२० महिला च्याम्पियशिपमा उप बिजयी हुन सफल

४) नेपाली महिला राष्ट्रिय टिमले भारतका नेपाल र भारत वीच मैत्रीपूर्ण खेल गत फेब्रुअरी २०२३ मा दुई खेलहरुमा सहभागी भएकोमा पहिलो खेलमा गोल रहित वरावरी र दोश्रो खेलमा पनि २-२ गोलको वरावरी भएको थियो ।

५) ए.एफ.सी. यु-२० एशियन वुमेन्स कप क्वालिफायर राउण्ड १ सन् २०२३ मार्चमा प्यालेस्टाइन संग खेल खेली दोश्रो चरणमा पुग्न सफल भएको थियो ।

**अन्य ग्रासरुट तथा प्रशिक्षण र रेफ्रि प्रशिक्षण कार्यक्रमहरुः**

त्यस्तै सन् २०२२ को २५ देखि २८ नोभेम्बर सम्म यु.ई.एफ.ए. एशिष्ट लिग डेभलप्मेन्ट कार्यक्रम अन्तर्गत कार्याशाला गोष्ठी सम्पन्न गरीएको थियो । यु ई एफ ए एशिष्ट फुटबल फर वुमेन्स वर्कसप पनि काठमाण्डौमा २१ देखि २३ अप्रिल २०२३ मा सम्पन्न गरीएको थियो ।

हाम्रो कार्यकालमा फुटबल प्रतियोगिताहरु संगसंगै फुटबल खेलको आधारभुत तहदेखि फुटबल खेलको बिकास गर्नु पर्छ भन्ने उद्देश्यले ग्रासरुट र युथ कार्यक्रमहरु पनि संचालन गर्दै आएका समेत जानकारी गराउंदछु ।

१) ग्रासरुट फुटबल कार्यक्रम अन्तर्गत एन्फाले ब्रन्ज सर्टिफीकेट प्राप्त गरी सकेकोछ भने यस कार्यक्रमलाई निरन्तरता दिई सिल्भर सर्टिफिकेट लिने कार्ययोजना अन्तर्गत बिभिन्न ग्रासरुट कार्यक्रमहरु सम्पन्न गरेको जानकारी गराउंदछु । जस अर्न्गत एन्फामा आवद्ध जिल्ला फुटबल संघहरु सुनसरी, धनुषा कास्की र एन्फा कम्पलेक्समा १५ मे २०२३ देखि ग्रासरुट कार्यक्रम सम्पन्न गरीएको थियो । उक्त कार्यक्रममा ६ देखि १२ बर्षको ५५० जना युवा फुटबल खेलाडीहको सहभागीता रहेको थियो । त्यस्तै एन्फाले सिन्धुपाल्चोक जिल्लामा पनि १२ बर्ष मुनीको ग्रासरुट कार्यक्रम संचालन गरी करीब २०० युवा युवती खेलाडीहरुलाई सहभागी गराएको जानकारी गराउंदछु ।

२) सन् २०२३ को अप्रिल २६ र २७ तारिखमा एन्फा कप्लेक्समा प्रख्यात क्लब मेनच्येष्टर युनाईटेडको सहकार्यमा युवा फुटबल प्रशिक्षण कार्यक्रम संचालन गराई ४३७ युवाहरुको सहभागीता गराई कार्यक्रम सम्पन्न गरीएको थियो ।

३) सन् २०२३ को २४ देखि २७ तारिख सम्म नेपालमा पहिलो पटक यु.ई.एफ.ए. एशिष्ट फुटबल फर वुमेन्स कार्यक्रम अन्तर्गत युईएफए इन्टरनेशनल रिलेसन प्रोजेष्ट स्पेलिष्ट क्रीस मेलिन्स र युईएफए एशिष्ट एक्पर्टक ज्युलिस म्याकग्राभर र मोनिका स्टेवको सहयोगमा दुई दिने महिला कार्यक्रम अन्तर्गत

बृद्धि बिकास र फुटबल करिअर सम्बन्धित कार्यक्रम सम्पन्न गरीएको थियो । उक्त कार्यक्रममा पुर्व खेलाडीहरु, रेफ्रिहरु, बर्तमान खेलाडीहरु र सरोकारवालाहरुको सहभागीता रहेको थियो भने महिला फुटबलको बिकासमा बिशेष मध्यनजर गरी कार्यक्रम सम्पन्न गरीएको थियो । साथै भबिष्यमा १२ जिल्लाहरुमा १६३० बालबालिकाहरुलाई यस कार्यक्रममा सहभागीता गराउने लक्ष्य रहेकोछ ।

४) एन्फा फुटबल क्लीनिक फर अण्डरप्रिभिलेजड चिल्ड्रेन कार्यक्रम अन्तर्गत जनवरी ३ देखि ८ सम्म मधेश प्रदेशमा र कर्णाली प्रदेशमा कार्यक्रम संचालन गररीएको थियो । दुबै प्रदेशका पिछडिएका परिवारका युवा-युवतिहरु गरी १४४० जना सहभागी भएका थिए ।

यसरी नै बिभिन्न स्थानहरुमा कार्यक्रमहरु गर्दै भबिष्यमा एन्फामा आवद्ध सबै जिल्लाहरुमा ग्रासरुट कार्यक्रम संचालन गर्ने एन्फाको लक्ष्य रहेको समेत जानकारी गराउंदछु ।

एन्फाले ग्रासरुटसका साथै युवा बिकासका कार्यक्रमहरुलाई पनि अघि बढाउदै आएकोछ । जस अन्तर्गत माथि उल्लेखित युवा लक्षित कार्यक्रम तथा प्रतियोगिताहरु सम्पन्न गरेको जानकारी गराई सेकेकोछु भने राष्ट्रिय टिम निर्माण गर्न युवा लक्षित कार्यक्रमलाई महत्वका साथै अधि बढाउनमा जोड दिनु पर्ने कुरा राख्न चाहान्छु । साथै युवाहरुलाई शहि मार्ग दर्शन र फुटबलमा सहभागी गराउन फुटबलको स्ट्रक्चर, एकेडेमी तथा जुनियर नेशनल टिम, रिजनल प्रतियोगितामा सहाभागी र अन्तराष्ट्रिय प्रतियोगिताहरुमा युवा टिमको सहभागीतालाई महत्व दिदै आएकाछौ ।

एन्फाले प्रतियोगिताहरुका साथै प्रशिक्षण कार्यक्रमहरुलाई पनि महत्व दिदै हाम्रो कार्यकालमा अर्थात सन् २०२६ सम्म ३९१५ फुटबल प्रशिक्षकहरु निर्माण गर्ने लक्ष्य रहेको छ भने हाल सन् २०२४ को प्रारम्भमा बिभिन्न फुटबल प्रशिक्षक प्रशिक्षण कार्यक्रम संचालन गरी १०३५ प्रशिक्षकहरुलाई प्रशिक्षण प्रदान गरी सकेको पनि जानकारी गराउंदछु ।

हाम्रो कार्यकालमा एन्फा कम्युनिटि कोचिङ्ग कोर्षहरु सुर्खेत, धनकुटा, कैलाली, ललितपुर, सिन्धुपाल्चोक, दोलखा, रौतहट, काठमाडौमा तीनवटा, तनहु, काभ्रे, गोरखा, नुवाकोट, उदयपुर, खोटाङ्ग, झापा गरी बिभिन्न १७ जिल्ला र एन्फामा सम्पन्न गरी सकेको जानकारी गराउंदछु । ए.एफ.सी डिप्लेमा पनि मोरङ्ग, चितवन, सुनसरी र कास्कीमा सम्पन्न गरी सकेकाछौ । जस अन्तर्गत एन्फामा हाल सम्म ए लाईसेन्स ४१ जना १ जना महिला सहित, बी लाईसेन्स ९७ जना ६ महिला सहित, सी लाईसन्स २५२ जना ९ जना महिला सहित, एन्फा कम्युनिटि कोर्षका प्रशिक्षक ९८७ जना ७४ महिला सहित र एएफसी गोलकिपिङ्ग १ महिला सहित २५ जना, एएफसी फिटनेश लेवल १का ४४ जना र ए.एफ.सी. फुटबलस लेवल १ का १९ जना प्रशिक्षक गरी १४६५ जनाले फुटबल प्रशिक्षकहरुले प्रशिक्षण प्राप्त गरी सकेको समेत जानकारी गराउंदछु ।

यसै कार्ययोजना अनुरुप देशव्यापी रुपमा फुटबलका प्रशिक्षकहरु उत्पादन गरी देशभर फुटबलमय बनाउने हाम्रो लक्ष्य रहेकोछ ।

प्रशिक्षक प्रशिक्षण जस्तै रेफ्रि प्रशिक्षण कार्यक्रमलाई पनि महत्व दिदै गत २०२२ को सेप्टेबर ९ देखि १५ सम्म कैलालीमा रेफ्रि प्रशिक्षण क्याटागोरी ४ संचालन गरीएको थियो जस्मा सहभागी ३२ मध्ये ११ जना उतीर्ण भएको थियो ।

सन् २०२२ को सेप्टेम्बर २९ र ३० तारिखमा सम्म फुटबल रेफ्रीहरुलाई फुटबल लज अफ दी गेमको ज्ञानलाई समय समयमा अझबढी प्रभावकारी रुपले जानकारी गराउने उद्देश्यले एन्फाले एएफसी संग सहकार्य गरी अन्तराष्ट्रिय फुटबलका नियमहरुलाई लागु गर्न र सो सम्बन्धि जानकारी रिफ्रेस गराउन ए.एफ.सी रेफ्रि स्टार प्रोग्राम लनलाईन माध्यबाट गरीएको थियो जसमा २८ जना सहभागी फिफा र क्याट-१ रेफ्रि तथा ७ जना रेफ्रि प्रशिक्षकहरु सहभागी रहेको थियो ।

सन् २०२२ को नोभेम्बर ८ देखि १२ सम्म काठमाडौमा फिफाका प्रशिक्षकबाट फिफा एम ए रेफ्रि कोर्ष संचालन गरीएको थियो । कार्यक्रममा ३१ रेफ्रिहरु र ६ रेफ्रि प्रशिक्षकहरुको सहभागीता रहेको थियो ।

सन् २०२३ को अप्रिल १८ देखि २० सम्म ए.एफ सी रेफ्रिङ्ग एडमिनिस्ट्रेशन प्रोजेष्ट एसिष्टमेन्ट भिजिट कार्यक्रम अन्तर्गत ए.एफ.सी.का रेफ्रि हेड हिरो काजु आवे र मेनेजर च्याङ्ग सी रे नेपाल आई रेफ्रि सम्बन्धि अन्तरक्रिया कार्यक्रम तथा ईलिट रेफ्रिहरुको परफर्मेन्स प्रत्यक्ष रुपले अवलोकन गर्नु भएको थियो ।

सन् २०२३ अगष्ट १८ देखि २५ सम्म चितवनमा खैरहनी नगरपालिकाको सहयोगमा एन्फाले रेफ्रि प्रशिक्षण क्याट-४ कार्यक्रम सम्पन्न गरीएको थियो । ३१ सहभागी रेफ्रि प्रशिक्षार्थीहरु मध्ये ६ जना उतीर्ण भएको थियो ।

सन्न २०२३ को सेप्टेम्बर २० देखि २६ सम्म कोशी प्रदेश फुटबल संघको आयोजनामा धरानमा एन्फाको प्राविधिक सहयोगमा रेफ्रि कोर्ष क्याट-४ सम्पन्न गरीएको थियो । ५१ जना रेफ्रि प्रशिक्षार्थीहरु सहभागी भएकोमा २१ जना उतीर्ण भएको थियो भने दोश्रो चरणमा सन् २०२३ को २९ सेप्टेम्बर देखि ५ अक्टोबर सम्म धरानमा नै संचालन गरीएकोमा ५५ रेफ्रि प्रशिक्षार्थीहरु सहभागी भएकोमा १४ जना उतीर्ण भएको थियो ।

सन् २०२४ को फेब्रुअरी ३ देखि ९ सम्म बागमती प्रदेश फुटबल संघको आयोजनामा बागमती प्रदेश स्तरीय रेफ्री प्रशिक्षण क्याट-४ काभ्रेको धुलिखेलमा सम्पन्न गरीएको थियो । उक्त प्रशिक्षणमा ४२ सहभागी रहेको थियो भने १० जना उतीर्ण भएको थियो ।

हाल सम्म बिवरण अनुसार ५८३ जना रेफ्रिहरु एन्फामा आवद्ध रहेका छन् । त्यस मध्ये ५० प्रतिशत रेफ्रिहरुले आफ्नो कार्यलाई बिभिन्न कारणहरुले गर्दा निरन्तरता नदिएको अवस्था रहेकोले भबिष्यमा यस कार्यलाई आकर्षित गराउन बिभिन्न कार्यक्रम तथा रिफ्रेसरकोर्ष र नबिकरणको व्यवस्था अनिवार्य रुपले गर्नु पर्ने कार्यक्रमलाई जोड दिन आवश्यक चाहान्छु ।

विवरण अनुसार :
१) फिफा १२ जना २ महिला सहित
२) क्याटागोरी-१ मा २० जना ४ महिला सहित
३) क्याटागोरी-२ मा ११९ जना ६ जना महिला सहित
४) क्याटागोरी-३ मा ५५ जना २ महिला सहित
५) क्याटागोरी-४ मा ३७७ मा २० जना महिला सहित

एन्फाले अन्तराष्ट्रिय भाईचारालाई अभिबृद्धि गरी दक्षिण कोरीयाली फुटबल संघ संग सम्झौता गरी प्रशिक्षकलाई प्रदान गर्ने पारिश्रमिक सहयोग स्वरुप प्राप्त गरेकाछौ भने साउदी अरेवीयको यु ए ई

फुटबल संघ संग पनि फुटबल विकासका निम्ति सहकार्य गरी अघि बढेकाछौ भने जसको फल स्वरुप हाल WAFF Championship मा नेपाली महिला राष्ट्रिय टिमको सहभागीता रहेको पनि जानकारी गराउंदछु । अन्तराष्ट्रिय स्तरका कम्पनीहरु जस्तै कतार यरवेजको प्रायोजना सम्झौतालाई निरन्तरता प्रदान गरेकाछौ भने युनिलिभर जस्तो मल्टी नेशनल कम्पनीहरु संग पनि सहकार्य गरी प्रायोजनको रुपमा सहकार्य गर्दै आएकाछौ । साथै निकट भबिष्यमा फिफाको कार्यक्रम अनुसार Football for School संचालन गर्ने कार्ययोजना रहेको पनि जानकारी गराउंदछु ।

कुनै पनि संस्थालाई सफल संचालन गर्न उचित व्यवस्थापन गर्दै लैजानका निम्ति सुशासन व्यवस्थापन गर्न महत्वपूर्ण भुमिका हुने भएकोले बिगत लामो समय देखि अस्त व्यस्त रहको व्यवस्थापनलाई समय सापेक्ष व्यवस्थापन गर्नु हाम्रो कार्यक्षेत्रको पहिलो प्राथमिकता रहेकोछ । एन्फाको गतिबिधिहरुलाई अझ प्रभावकारी बनाउन सहज ढंगबाट सूचना प्रवाह गर्न एन्फाको पुरानो वेभ साईटलाई पुनः व्यवस्थित ढंगले चुस्त दुरुस्त राख्न थप कार्य गर्न आवश्यक रहेको पनि जानकारी गराउंदछु ।

आर्थिक संकट तथा फिफाको कन्ट्रोल फण्डिङ्गका बावजुद पनि हामीले धेरै कार्यक्रमहरु संचालन गरी आएका व्यहोरा यसै सभामा गर्न चाहान्छु । यदि फिफाको कन्ट्रोल फण्डिङ्ग नभएको भए हामीले अझबढी कार्यक्रमहरु स्वस्फुर्त रुपमा सम्पादन गर्न सक्ने थियौ भन्ने बिश्वास यसै सभामा दिलाउन चाहान्छु । आगामी केहि महिनामा फिफाको कन्ट्रोल फण्डिङ्ग हटाउनमा हामी दिनरात गृहकार्य गर्दै आएकाछौ । फिफाद्धारा गरिएको सन् २०२२ को अडिट रिपोर्टमा समेत हाम्रो कार्यकालमा भएगरेका आर्थिक कारोबारहरु पूर्णरुपमा नियमसंगत देखिएकोले सकारात्मक परिणाम हासिल हुने कुरामा हामी बिश्वस्तछौ । साथै निकट भबिष्यमा छिटो भन्दा छिटो यस कार्यलाई सहज बनाउन यहांहरुको साथ सहयोग र समर्थनको अपेक्षा गर्दै हाम्रो कार्यकालको २० महिनामा सम्पन्न कार्य प्रगति बिवरण संक्षिप्तमा पेश गरेकोछु । यसको बिस्तृत बिवरण यहांहरु समक्ष पेनड्राईभ मार्फत उपलब्ध गराउनेछु ।

भबिष्यमा यहांहरुको सल्लाह सुझाव र मार्गदर्शने अपेक्षा गर्दछु ।

धन्यबाद ।

पंकज बिक्रम नेम्वाङ्ग,
अध्यक्ष, एन्फा